# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
३ नं. प्रदेश, नेपाल

☎: ०५६-५५००१५


प.सं. ०७५/०७६
च.नं. १०६२

मिति २०७५।०९।१६

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्वन्धि राय सुझाबको लागी सार्बजनिक सुचना

सूचना प्रकाशन मिती : २०७५/०९/१६

राप्ती नगरपालिकाको आन्तरीक आय व्यबस्थापनको लागि मार्ताल खोला, च्यात्रा खोला र सुख्खा खोला क्षेत्रमा वातावरणीय प्रभाव अध्ययनको लगि राप्ती नगरपालिका कार्यालय चितवन द्वारा निम्न प्रस्ताब कार्यन्वयन गर्न लागिएकाले वातावरणीय संरक्षण नियमावली, २०५४ को अनुसूचि १ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावकको नाम :- **राप्ती नगरपालिका , नगर कार्यपालिकाको कार्यालय हर्दी भण्डारा चितवन ।**

प्रस्तावकको व्यहोरा :- राप्ती नगरपालिकाको मार्ताल खोला, च्यात्राखोला र सुख्खा खोला किनारमा जम्मा हुने ढुङ्गा, गिट्टी र वालुवाको कारणले गर्दा नदीको सतह बढन गई नदीले मोड परिवर्तन गर्दा हुने बाढीजन्य खतराको न्यूनिकरणको लागिती सामाग्रीहरुको उत्खन्न गर्न जरुरी छ । साथै जथाभावी रुपमा हुने उत्खनन्बाट वातावरणमा प्रत्यक्ष असर पर्ने हुदा सहि तथा दिर्घकालिन रुपमा ति सामाग्रीहरुको उत्खनन् गर्न जरुरी भएकोले निम्न क्षेत्रमा पर्न सक्ने असरहरुको बारेमा राय सुझब दिनु हुन ।

**क्षेत्रहरू :**

१. भौतिकवातावरण
२. जैविक वातावरण
३. रासायनिक बातावरण
३. सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण
४. मानवीय कृयाकलाप र वाताबरण विच अन्तरक्रिया तथा अन्तर सम्बन्ध ।

यो प्रस्ताब कार्यन्वयन गर्नु अघि बाताबरण संरक्षण नियमावली, २०५४ बमोजिम सो प्रस्ताव बारे वातावरण परीक्षण (IEE) गर्ने कममा उक्त नियमावली बमोजिम भौतिक, जैविक, रसायनिक, सामाजिक, आर्थिक तथा सास्कृतिक प्रणालीहरुमा कस्तो प्रभाब पर्छ भनी एकिन गर्नु पर्ने हूँदा उक्त प्रस्तावबाट प्रभाव पर्न सक्ने यस नगर क्षेत्रका विद्यालय, अस्पताल, सामुदायिक वन ,स्वास्थ्यचौकी तथा सम्पूर्ण सरोकारवाला व्यक्ति वा संस्थालाई यो सूचना प्रकाशित भएको मितिले १५ -पन्ध्र दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

**राय सुझाव पठाउने ठेगाना :**
राप्ती नगरपालिका,नगर कार्यपलिकाको कार्यालय,चितवन
फोन नं. ०५६-५५००१५
E-mail – rraptimunicipality42@gmail.com

०७५।९।१६

**मिठाराम हुमागाई**
प्रमुख प्रशासकीय अधिकृत